खप्तडछान्ना गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सम्पर्क नं. ९८४९९०८२४६
Email: info@khaptadchhannamun.gov.np
itok.khaptadchhannamun@gmail.com
सुदूरपश्चिम प्रदेश, नेपाल
पसलबगर, बझाङ्ग

पत्र संङख्या :-०७९/८०
चलानी नं :- ३१८

मिति: २०७९।०८।२३

**विषय :- युवा प्रतिभा पहिचान प्रतियोगिता संचालन सम्वन्धी सूचना ।**

प्रस्तुत विषयमा राष्ट्रिय युवा परिषद सानोठिमी भक्तपुरवाट आ.व.२०७९।०८० को लागि प्राप्त युवा प्रतिभा खोजी तथा प्रोत्साहन कार्यक्रम अन्तर्गत **"समृद्ध नेपाल निर्माणका लागि स्वस्थ कर्मठ र उद्यमी युवा"** भन्ने मुल नाराका साथ **युवा नवपर्वतनात्मक विचार प्रतियोगिता (youth Innovative Idea Hunt) कार्यक्रम** संचालन हुने भएकोले सहभागी हुन चाहने वझाङ्ग जिल्लाका सवै स्थानीय तहका १६-४० वर्ष उमेर समुहमा पर्ने इच्छुक युवाले यो सूचना प्रकाशन भएको मितिले २१ दिन भित्र यस गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा तोकिएको ढाँचामा निवेदन दर्ता गर्नुहुन तपसिलका सर्तहरु सहित यो सूचना आव्हान गरिएको छ ।

दिपक कुमार रावल
प्रमुख प्रशासकीय अधिकृत

तपशिल :-

१. निवेदन यसै सूचना साथ संलग्न वा www.khaptadchhannamun.gov.np वाट डाउनलोड गर्न सकिने छ।

२. सहभागिको उमेर १६ वर्ष पुगी ४० वर्ष ननाघेको साथै बझाङ्ग जिल्लाको नागरिक हुनुपर्ने छ ।

३. निवेदनका साथ नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी वा उमेर र ठेगाना खुल्ने कागजात पेश गर्नु पर्ने छ

४. सहभागीले आफैले तयार गरेको प्रस्तावित उद्यम परियोजना पेश गर्नुपर्ने छ ।

५. निवेदन दर्ता ईमेल मार्फत गर्न सकिने छ । ईमेल ठेगाना harisoti12@gmail.com

६. प्रथम द्धितीय र तृतीय स्थान प्राप्त गर्ने प्रतियोगिहरुलाई क्रमश १०,०००।- ७००० र ४००० नगद पुस्कार र प्रमाणपत्र उपलब्ध गराईने छ ।

७. सहभागिले आतेजाते र आवास तथा खानाको व्यवस्था आफै गर्नुपर्ने छ ।

८ प्रतियोगिता युवा परिषद वाट जारी युवा प्रतिभा पहिचान तथा प्रोत्साहन कार्यक्रम संचालन सम्वन्धी कार्यप्रक्रिया २०७८ वमोजिम गरिन्छ ।

९ जिल्ला स्तरमा प्रथम हुनेलाई प्रदेश स्तरमा हुने कार्यक्रम र १० जना लाई राष्ट्रिय युवा परिषदमा सिफारिस गरी पठाईने छ ।

१० प्रतियोगिता संचालन हुने मिति समय र स्थानं आवेदन दिने मितिको अन्तिम दिन तोकिने छ ।

११ म्याद नाघि आएको प्रतियोगी प्रस्ताव स्वीकार गरिने छैन ।

१२ थप जानकारीका लगि सम्पर्क नं ९८४९९०८२४६